# मधेशी आयोग
ज्वागल, ललितपुर

मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं. ०१-५२६५१८५
टोल फ्रि नं. १६६००११६१८५


प.सं.: २०८०/८१

च.नं. २४६

मितिः २०८१/०३/१४

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
सिंहदरबार, काठमाडौं ।

विषयः समानुपातिक समावेशिता तथा समानता बारे ध्यानाकर्षण सम्बन्धमा ।

सम्माननीयज्यू,

नेपालको संविधान २०७२ को प्रस्तावना तथा विभिन्न धाराहरुमा समानुपातिक समावेशिता तथा समानताको बारेमा उल्लेख भएपनि व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकामा सो को कार्यान्वयनको अवस्था निकै कमजोर देखिएको छ । मधेशी आयोगले पनि आफ्नो हरेक वार्षिक प्रतिवेदन मार्फत सो व्यवस्थाको कार्यान्यवनको लागि सिफारिस गर्दै आएको कुरा सर्वविदितै नै छ ।

समानुपातिक समावेशिता तथा समानता सम्बन्धी नेपालको संविधान २०७२ मा निम्न बमोजिम व्यवस्था गरिएको छ ।

१. संविधानको प्रस्तावना :

वहुजातीय, वहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न **समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका** आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै;

२. संविधानको भाग ३ (मौलिक हक) को धारा ४२

**सामाजिक न्यायको हक :**

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ। पहिलो संशोधनद्वारा संशोधित ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ।



CamScanner

मधेशी आयोग
ज्वागल, ललितपुर

मधेशी आयोग
ज्वागल, ललितपुर

प.सं.: २०८०/८१
च.नं. २४६

फोन नं. ०१-५२६९१८९
टोल फ्रि नं. १६६००११६१८५

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

## ३. समानताको हक (धारा १८, भाग ३)

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।

## ४ व्यवस्थापिकामा मधेशी समुदायको उपस्थितिः

| | | |
|---|---|---|
| प्रतिनिधि सभा सदस्य | ३६ | १३.०९% |
| प्रदेश सभा सदस्य | ९७ | १७.६३% |
| राष्ट्रिय सभा | ३ | ५.०८% |
| स्थानीय तह (प्रमुख) | १३० | १७.२६% |



CamScanner

# मधेशी आयोग

ज्वागल, ललितपुर

मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं. ०१-५२६९१८९
टोल फ्रि नं. १६६००११६१८५


प.सं.: २०८०/८१

च.नं. २४६

विगत केही वर्ष देखी राज्यको विभिन्न अंगहरु जस्तै न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका, कूटनीतिक नियोग आदिहरुमा हुने नियुक्तिमा मधेशी समुदायको शुन्य प्रतिशत उपस्थिति देखिएकोले आयोगको गम्भीर ध्यानकर्षण भएको छ । मधेशी समुदायको राज्यको विभिन्न महत्वपूर्ण अंगहरुमा न्यून पहुँचले आयोगलाई निकै चिन्तित वनाएको छ ।

तसर्थः संविधानमा उल्लेखित समानुपातिक समावेशिता तथा समानता सम्बन्धी व्यवस्थालाई लिखितमा मात्र नभएर अक्षरसः कार्यान्वयन हेलु आवश्यक व्यवस्था मिलाउन ध्यानाकर्षण सहित हार्दिक अनुरोध गर्दछु ।

V.K.

डा.विजयकुमार दत्त

(अध्यक्ष)

मधेशी आयोग



CamScanner